# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल
फोन नं: ०६५-५७२४३६

प.सं. / Ref No.: ०७८/०७९
च.नं. / Des No.:

मिति:२०७८/११/०३

**विषय:स्वास्थ्य संस्था दर्ता तथा नविकरण सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११,उपदफा ४, खण्ड ख,देहाय २ मा स्वास्थ्य संस्था(अस्पताल,पोलिक्लिनिक,स्वास्थ्य क्लिनिक,फार्मेसी,प्रयोगशाला र आयुर्वेद संग सम्बन्धित) दर्ता, सञ्चालन, अनुमति र नियमन गर्ने व्यवस्था कार्यान्वयन गर्नको लागि भिमाद नगरपालिकाले स्वास्थ्य संस्था, दर्ता, अनुमती तथा नविकरण सम्बन्धी कार्यविधी,२०७८ स्वीकृत गरी सकेको व्यहोरा जानकारी गराउदै उल्लेखित कार्यविधीको दफा ४ र ८ बमोजिम यस नगरपालिकाको भौगोलिक क्षेत्र भित्र यस कार्यविधि स्वीकृत हुन पुर्व अन्य नियमनकारी निकायमा दर्ता भै सञ्चालन भै रहेका स्वास्थ्य संस्थाको हकमा नविकरण र दर्ता नभै सञ्चलनमा आएका स्वास्थ्य संस्थाको लागि मिति २०७८/१२/०८ गते सम्म दर्ता तथा नविकरण गराउन सम्बन्धीत सबैको लागि यो सूचना प्रकासित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ। दर्ता तथा नविकरण नभै सञ्चालन भएका स्वास्थ्य संस्थाहरुलाई उल्लेखित म्यादभित्र दर्ता तथा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम कारवाही समेत गरिनेछ ।

तपसिल

संलग्न कागजातः (नयाँ दर्ता तथा अनुमतिको लागि)

१. संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषद्‌मा दर्ता भएको प्रमाणपत्र

२. कर्मचारीको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिका साथै संस्थामा कार्य गर्ने मञ्जुरीनामा

३. सरकारी कार्यालयमा संलग्न कर्मचारीहरू संलग्न हुने भएमा विभागीय स्वीकृति

४. प्राविधिक कर्मचारीहरूले अन्यत्र कार्य गरेको भए सो को विवरण

५. जग्गाधनी प्रमाणपुर्जा

६. जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्ष सम्मको सम्झौता पत्र

७. कम्पनीको रूपमा सञ्चालन गर्ने भए कम्पनी दर्ता प्रमाणपत्र र प्रबन्धपत्र

info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com

८. वडाको सिफारिस पत्र

९. स्थायी लेखा प्रमाणपत्र

१०. संस्थाको कार्ययोजना

११. करचुक्ता प्रमाणपत्र (लागु हुने अबस्थामा मात्रै)

१२. लेखा परीक्षण प्रतिवेदन (लागु हुने अबस्थामा मात्रै)

संलग्न कागजात: (नविकरणको लागि)

१.नगरपालिका स्थापना हुन पुर्व नियमनकारी निकायमा दर्ता प्रमाण पत्रको प्रतिलिपि

२. वार्षिक प्रगति प्रतिवेदन

३. लेखा परीक्षण प्रतिवेदन

४. वडाको सिफारिस पत्र

५. स्थायी लेखा प्रमाणपत्र

६. करचुक्ता प्रमाणपत्र

नोट: यस विषयमा थप जानकारीको लागि कार्यालयको वेव साइड: **bhimadmun.gov.np** मा लगइन गरी स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण कार्यविधी २०७८ डाउनलोड गरी हेर्न सकिनेछ ।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत